म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १४० मंगलबार, १३ पुस २०७८ दशमी ने. सं. ११४२ थिंलागा 28 December, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

## प्याब्सनको १७ औं जिल्ला सम्मेलन

हेटौंडा/निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) मकवानपुरको १७ औं जिल्ला सम्मेलन तथा ८ औं अधिवेशन सोमबार भएको छ । प्याब्सन मकवानपुरका कार्यबाहक अध्यक्ष बिनोद सुबेदीको अध्यक्षता तथा बागमती प्रदेशका सभामुख सानुकुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्मेलन भएको हो ।

प्याब्सनको विकासमा योगदान पुऱ्याएको भन्दै आशिष श्रेष्ठ, मदनकुमार दाहाल, विष्णुप्रसाद अधिकारी, बद्री पुडासैनी, गणेशकुमार श्रेष्ठ, मातृकाप्रसाद ढुंगाना र केशवलाल श्रेष्ठलाई सम्मान गरिएको छ । यस्तै, निजी विद्यालयका शिक्षकहरु शशिकला घिमिरे, निर्मल पराजुली, तारा खड्का कार्की, सरोज यादव, सरस्वती पौडेललाई नगदसहित सम्मान गरिएको छ । यस्तै, विद्यालय कर्मचारी तर्फ डम्बरबहादुर मगर र जगन्नाथ ढुंगानालाई सम्मान गरिएको छ । कार्यक्रममा मकवानपुरको ३ जना सञ्चारकर्मीहरुलाई सम्मान गरिएको छ । सम्मान हुनेमा रेडियो मकवानपुरकी संवाददाता सम्झना रिजाल, रेडियो थाहा सञ्चारकी सिर्जना नेपाल र नागरिक दैनिकका मकवानपुरका संवाददाता अशोक सुजन श्रेष्ठ रहेका छन् ।

# कांग्रेस मकवानपुरको अधिवेशन पुस अन्तिममा

साझाकुरा संवाददाता

हेटौंडा/नेपाली कांग्रेस मकवानपुरको जिल्ला अधिवेशन पुस अन्तिम साता हुने भएको छ ।

मकवानपुर जिल्ला समितिले एक महिनाअघि केन्द्रीय महाधिवेशनपछि मात्र जिल्ला अधिवेशन गर्नेगरी मिति सारेको थियो । महाधिवेशनपछि बाँकी रहेका मकवानपुरसहित १६ जिल्लामा एकै दिन अधिवेशन गर्ने गरी केन्द्रीय निर्वाचन समितिले मिति तय गरेको हो ।

मकवानपुरको हकमा पनि निर्वाचन समितिले सोमबार सूचना जारी गर्दै पुस २७ मा अधिवेशन र निर्वाचन प्रक्रिया सम्पन्न गर्न सूचित गरेको छ ।




केन्द्रीय महाधिवेशनपछि मकवानपुर सहित सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिन्धुली, सिन्धुपाल्चोक, चितवन, बाँके, कैलाली, अछाम र नवलपरासी जिल्लाको अधिवेशन गर्न बाँकी छ ।

मकवानपुरको हकमा मंसिर १६-१८ सम्म हेटौंडामै बागमती प्रदेशको अधिवेशन हुने भएपछि एकैपटक जिल्ला अधिवेशन र प्रदेश अधिवेशन आयोजनामा समस्या हुने भन्दै जिल्ला कार्यसमितिबाट सर्वसम्मत निर्णय गरेर जिल्ला अधिवेशन स्थगित गरिएको थियो । महाधिवेशन सकिँदासमेत घोषणा गरेकाले मकवानपुरसहित बाँकी १६ जिल्लामा एकै दिन अधिवेशन गर्नेगरी मिति घोषणा गरेको निर्वाचन समितिले जनाएको छ ।

मकवानपुरको वडा, गाउँ/नगर, प्रदेशसभा क्षेत्र, प्रतिनिधिसभा क्षेत्रमा महाधिवेशन अघिनै निर्वाचन प्रक्रियामार्फत कार्यसमिति चयन भइसकेको छ । अब जिल्ला कार्यसमिति मात्र चयन गरिने हुँदा पुसभित्र अधिवेशन गर्न समस्या नहुने जनाइएको छ ।

केन्द्रले तोकेकै मितिमा जिल्लामा अधिवेशन हुने कांग्रेस मकवानपुरका सचिव बुद्ध लामाले बताए । उनका अनुसार केन्द्रबाट २ दिनभित्र निर्वाचन समिति पठाउने र त्यसपछि अधिवेशनको तयारी अघि बढाइने छ ।

## जोशीद्वारा रंगशाला लाई ५ लाख सहयोग

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीले निर्माणाधिन क्याम्पा रंगशालाका लागि ५ लाख रुपैयाँ सहयोग गर्ने भएका छन् । हेटौंडा-५ क्याम्पा रंगशालाको सोमबार अवलोकन गर्दै जोशीले सहयोगको घोषणा गरेको क्लबका अध्यक्ष सुशील घिमिरेले जानकारी दिए ।

क्याम्पा रंगशालामा ३ हजार ५ सय दर्शक क्षमताको आर सीसी प्यारापिट तथा २ हजार दर्शक क्षमताको फलामे ट्रसको प्यारापिट बनाइँदै छ ।

स्थानीय सरकार, विभिन्न संघ, संस्था र व्यक्तिको सहयोगमा नागरिकस्तरबाट निर्माणाधिन रंगशालाका लागि नियमित जसो सहयोग प्राप्त भइरहेको क्लबका अध्यक्ष घिमिरेले बताए । जोशीले उपलब्ध गराउने उक्त रकमबाट फलामे ट्रसको प्यारापिट नै निर्माण गरिने अध्यक्ष घिमिरेले बताए ।

# सालका रुखको एक्सरे गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा सालका रुखको एक्सरे सुरु गरिएको छ ।

सामुदायिक बनहरुमा सालका ठूला रुखको एक्सरे थालिएको हो । केही समयअघि नेपाल भित्रिएको एकमात्र टोमोग्राफ मेसिनबाट रुख भित्रको धोदको मात्रा पत्ता लगाउन एक्सरे गरिएको डिभिजन वन कार्यालय राप्तीका सहायक वन अधिकृत सुरेशप्रसाद गुप्ताले बताए ।

हाल पुराना सालका रुखको मात्र एक्सरे भइरहेको गुप्ताले जानकारी दिए । उनका अनुसार सबडिभिजन वन कार्यालय बसामाडी अन्तर्गतका बसामाडी तथा नेवार पानी क्षेत्रमा रहेका आधा दर्जन सामुदायिक वनमा रहेका पुराना रुखको धोदको मात्रा पत्ता लगाउन टोमोग्राफ मेसिनमार्फत एक्सरे गर्न जरुरी भएकोले नयाँ प्रविधिलाई प्राथमिकता दिइएको हो ।

'टोमोग्राफले दिएको चित्रलाई सफ्टवेयरमा एनालाइसिस




गरेपछि रुखभित्र बिग्रिएर धोद भएको मात्राको प्रतिशत, बिग्रँदै जाने क्रममा रहेको मात्रबारे थाहा पाइन्छ ।' गुप्ताले भने, 'जर्मनमा विकास भएको ३५ लाख रुपैयाँ पर्ने यो मेसिन वन अनुसन्धान तथा तालिम केन्द्रले केही समयअघि मात्रै खरिद गरेको हो ।'

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रकी उपसचिव सुनिता उलक र सहायक अनुसन्धान अधिकृत केशव घिमिरेको टोलीले पहिलो चरणमा ४० थान सालका रुखहरुको एक्सरे गर्दै छन् ।

'केही समयअघि मात्रै जर्मनबाट टोमोग्राफ मेसिन खरिद गरिएको हो,' केन्द्रकी उपसचिव उलकले भनिन्, 'बिरामीको शरीरमा ईसीजी गर्दा विभिन्न प्वाइन्टहरूमा सेन्सर राखिए झैं रूखका विभिन्न स्थानहरुमा प्वाइन्ट राखि यो मेसिनले भित्री अवस्था पत्ता लगाउँछ ।'

# उपचारको खोजीमा सजिना

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका-३ लेवट ढाका चोककी आठ बर्षीया सजिना थिङ उठ्न, बोल्न सक्दिनन् ।

उनको टाउको सामान्य बालबालिकाको भन्दा ठूलो छ । उमेरअनुसार शारिरमा विकास राम्रोसँग भएको छैन । ६ महिनाको हुँदा सजिनाको स्वास्थ्य स्थिति सामान्य नरहेको थाहा पाएको उनका बाबु कान्छाराम थिङले बताए । हेटौंडा अस्पताल, भरतपुर अस्पताल हुँदै कान्तिबाल अस्पतालसम्म पुगेर आफूसँग भएको १/२ लाख सबै सकेको र थप उपचार गर्न पैसा नभएर घरमै लिएर आएको थिङले बताए ।

कान्तिबाल अस्पतालमा अपरेशन गर्नपर्छ ५/६ लाखखर्च लाग्छ भनेको पैसा नभएर घरै फर्काएर ल्याएको थिङले बताए । आँखामा समस्या आएपछि उनी छोरीलाई लिएर आँखा अस्पताल पुगिन् । आँखाको थप उपचारको लागि उनलाई काठमाडौं जान पर्ने भएको छ । दैनिक ज्यालादारी काम गरेर बाँकी दुई छोरी र श्रीमती सोममायासहित थिङ परिवार बस्दै आएको छ ।

BAJAJ
UPGRADE
फाइदा MORE, TENSION NO MORE
यही २०७८ पुष ११ देखि १५ गतेसम्म
कुनैपनि मोटरसाइकलको प्रचलित बजार VALUATION भन्दा रू.१०,000* थप
0% INTEREST ON 50% DOWNPAYMENT*
साथै प्रत्येक नयाँ BAJAJ मोटरसाइकलको खरिदमा पाउनुहोस्
RS. 8000 CASH DISCOUNT*
FREE ACCESSORIES*



HORIZON AUTO PVT. LTD.
Hetauda, TCN Road, ☎ 9801305439, 9801305418, 9801368461, 9855068461

APPLICATION FOR
ENTRANCE EXAM
of
BCA
(Bachelor in Computer Application)
OPEN NOW
ONLINE ENTRANCE APPLICATION FORM
06 Dec 2021 to 06 Jan 2022
ENTRANCE EXAMINATION
22 Jan 2022, 1:00 PM
Entrance Preparation Class is currently running at HSM. Please contact for more info.



CMAT
Application form
OPEN NOW
for BIM
CMAT APPLICATION FORM:
05 Dec 2021 to 05 Jan 2022
DATE OF ADMISSION TEST:
22 Jan 2022, Saturday, 8:00 AM
CMAT Preparation Class is currently running at HSM. Please contact for more info.



APPLICATION FOR
ENTRANCE EXAM
of
BBS
(Bachelors in Business Studies)
BBS ENTRANCE EXAM
Poush 23, 2078, 2:00pm
ADMISSION OPEN
Entrance Preparation Class is currently running at HSM. Please contact for more info.
LIMITED SEAT ONLY





34 Scholarship Available
BIM | BCA | BBS

| S.N. | Fees Covered | Gold | Silver | Bronze |
|---|---|---|---|---|
| 1. | Admission Fee | 100% | ---Not Covered--- | |
| 2. | Annual Administrative Fee | 100% | 50% | 25% |
| 3. | Exam Fee (Cycle Exam & Terminal Exam) | 100% | 50% | 25% |
| 4. | TU's Fee (Registration & Exam) | --------Not Covered-------- | | |
| 5. | Practical Class Fee | 100% | 50% | 25% |
| 6. | Practical Exams Fee (Internal & External) | 100% | 50% | 25% |
| 7. | Monthly Tuition | 100% | 50% | 25% |

APPLY NOW

HETAUDA SCHOOL OF
MANAGEMENT AND
SOCIAL SCIENCES
www.hsm.edu.np
057-524701,
057-524711
9741680000

साझाकुरा

## हाम्रो कुरा

# गम्भीर हुन जरुरी

विभिन्न हिंसामध्ये महिलामाथि हुने यौनजन्य हिंसाको पछिल्लो समय सर्वाजनिक स्थानमा पनि  गएको छ । विगतमा महिलामाथि घरेलु हिंसा बढी हुने गरेको भए पनि पछिल्लो समय यौनजन्य हिंसामा बढोत्तरी भइरहेको छ । विशेषगरी महिलामाथि हुने बलात्कार र हत्याका घटना बढ्दै जाँदा महिलाहरु असुरक्षित महसुस गर्न थालेका छन् । बालिका, किशोरीदेखि वृद्धासम्म बलात्कारको शिकार बन्नु परेको अवस्था विद्यमान छ । पछिल्लो समय सञ्चार माध्यमहरुमा आउने यौनजन्य हिंसाका खबरहरुको बढी चर्चा हुने गरेको छ । यौनजन्य हिंसाका घटना वृद्धि हुँदै जाँदा समाज विकृत बन्दै गएको छ । यस्ता घटनाले समाजलाई अपराधीकरणतर्फ अग्रसर बनाइरहेको छ ।

हरेक वर्ष केहि अवधिभर महिला हिंसा अन्त्य गर्ने भन्दै अभियान चलाउने र त्यसमा ठूला-ठूला भाषण र प्रतिबद्धता जाहेर गर्दैमा महिलाहरुले हिंसाबाट बञ्चित हुन सक्दैनन् ।  महिला हिंसाका घटना न्यूनीकरण गर्न सम्पूर्ण राज्य र उसका संयन्त्र सशक्त ढंगले लाग्नुपर्ने देखिन्छ । नेपाली समाजमा बढ्दै गएको यौनजन्य हिंसाका कारण बालिका, किशोरी तथा महिलाहरु असुरक्षित रहेको स्पष्ट पार्दछ । यस्ता घटना बढ्दै जानु र घटनाका दोषी पक्राउ नपर्नुले देशमा अझैपनि निर्धक्क बस्ने अवस्था नरहेको आभाष दिन्छ । कति बेला के हुने हो भन्ने त्रासमा अझैपनि महिलाहरु बस्न बाध्य छन् । जबसम्म महिलाहरु निर्धक्क भएर आफ्ना गतिविधि गर्न पाउँदैनन्, तबसम्म सरकारले सुरक्षा व्यवस्थाबारे गम्भीर भएर सोच्न जरुरी छ । कञ्चनपुर घटनाबाट गम्भीर पाठक सिकेर सरकार महिला हिंसाको क्षेत्रमा संवेदनशील हुन जरुरी छ ।

देश अहिले हिंसा र बलात्कारका घटनाले जर्जर बनेको छ । घटना तुलनात्मकरुपमा बढेका हुन् वा सहजै बाहिर आएका हुन् त्यो अध्ययनको पाटो हो । तर केही घटनाहरु यसरी आएका छन् कि, ती घटनाको प्रकृतिले नेपाली समाज कति निर्दयी र हिंस्रक बनिरहेको छ भन्ने उदाहरण बनेको छ । यद्यपि यसअघि धेरै घटनाहरु लुकेर बाहिर आउने अवसरसमेत पाएका थिएनन् । सञ्चार माध्यम, सामाजिक सञ्जाल र नेपाली समाजको सचेतनाको कारण आपराधिक घटनाहरु सार्वजनिक गर्न सहज भएको छ ।

नेपाल प्रहरीले पनि अधिकांश घटनाको गहन अनुसन्धान गरेर अपराधि पत्ता लगाउने गरेको छ । यसबाट पीडितले केही राहत पाउने वातावरण पनि बनेको छ । तर, पछिल्ला केही महिनादेखि रहस्यमय बनेको कञ्चनपुर घटनामा भने नेपालका सबै सुरक्षा निकाय चुकेको पाइन्छ । कञ्चनपुरकी १३ वर्षीया किशोरी निर्मला पन्तको घटना यसको एउटा गम्भीर उदाहरण हो । यस घटनामा सुरक्षा निकायले अहिलेसम्म सफल अनुसन्धान गर्नै सकेको छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ पुस १४ गते बुधबार २९ डिसेम्बर २०२१ । पुस दशमी । थिंलागा दशमी ११४१ । सूर्योदय ६:५५ र सूर्यास्त ५:२० मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शैक्षिक उन्नती | **तुला** | : आम्दानी बढ्ने |
| **वृष** | : प्रेममा सफलता | **वृश्चिक** | : काम बन्ने |
| **मिथुन** | : धन आर्जन | **धनु** | : यात्राको योग |
| **कर्कट** | : आलश्यता | **मकर** | : जमघट बढ्ने |
| **सिंह** | : स्वास्थ्यमा समस्या | **कुम्भ** | : सफलता हासिल गरिने |
| **कन्या** | : नैराश्यता | **मीन** | : धन आर्जन |

# राजनीतिमा तेस्रो ध्रुवको सोधीखोजी



**राजेश विद्रोही**

मुलुकमा भर्खरै जनगणना कार्य सम्पन्न भए पनि पूर्ण तथ्यांक भने सार्वजनिक हुन बाँकी छ। तर, २०६८ को जनगणना अनुसार मुलुकमा बाहुन १२.१८ प्रतिशत, क्षेत्री १६.६० प्रतिशत, आदिवासी जनजाति ३५.८० प्रतिशत, दलित १३.८ प्रतिशत छन्।

जनसंख्या प्रतिशतको हिसाबले हेर्दा खस आर्य (बाहुन, क्षेत्री) को जनसंख्या अरु समुदायको भन्दा निकै कम छ। तर, राज्यको उपल्लो निकाय त्यही क्लस्टरको निरन्तर कब्जामा छ। आधारभूत शोषित उत्पीडित वर्ग समुदायको राज्यशक्तिमा अझै पनि पहुँच छैन। जनसंख्याको आधारमा हिसाब गर्दा ठूलो विभेद र असमानता देखिन्छ। अहिलेसम्म राज्यको उपल्लो निकायहरूमा क्लस्टरवाइज हिसाब गर्दा दलित, आदिवासी/जनजाति लगायत सीमान्तकृत समुदायका मान्छेहरू छन् ? राजनीति, कर्मचारीतन्त्र, सैन्य संरचना, न्यायालय वा अन्त कतै, सबैतिर असमान र अन्यायपूर्ण उपस्थिति देखिन्छ। बहुसंख्यक सीमान्तकृत समुदायको सहभागिता नभएको राज्य, प्रहरी, प्रशासन आदि कसरी उनीहरूको हुन सक्छ ?

अहिले पनि लोकतन्त्रमा एउटै वर्गका सीमित व्यक्तिहरुको एकाधिकार छ। नामको बाहेक कुनै पनि समावेशिता र सहभागिता छैन। पछिल्लो समय लोकतान्त्रिक संविधानले दिएको थोरै अधिकारमाथि पनि ठूलो षड्यन्त्र जारी छ। जतातत्तैबाट प्रहार शुरु भएको छ। सीमान्त समुदायसम्म अझै पनि मौलिक हकअधिकार पुग्न सकिरहेको छैन। लोकतन्त्रमा योभन्दा ठूलो अन्याय अरु के हुनसक्छ ? यो लोकतन्त्र कसको हो ? सबै वर्ग, जाति, क्षेत्र, लिंग र समुदायको लागि हो कि होइन ? गम्भीर प्रश्न जन्मिएको छ।

अहिलेको संवैधानिक व्यवस्थामा समानुपातिक समावेशी पिछडिएका सीमान्तकृत वर्ग समुदायको अधिकारको हिसाबले मूलधारीकरण गर्ने जुन अभियान छ, त्यो मूलरूपमा जनयुद्धले उठाएको मुद्दा हो। त्योभन्दा अगाडि यी मुद्दाहरू सतहमा आएका थिएनन्। यसमा एकमुष्ट रूपमा जनयुद्धको योगदान छ। यसपछि आगोमा घ्यू थप्ने काम मधेश आन्दोलनले गर्‍यो।

जनयुद्धको नेतृत्व गरेका मध्ये एकजना डा. बाबुराम भट्टराई हुन् भने मधेश आन्दोलनको पहल कर्ता उपेन्द्र यादव। तत्कालीन एमालेका दिग्गज नेता अशोक राईले पनि जनजातिको मुद्दा लिएर पार्टीबाट अलग भए। अहिले उनीहरू तीनै जना एकठाउँमा छन्। त्यो भनेको एकप्रकारले जनयुद्ध, मधेश आन्दोलन र जनजाति आन्दोलनको एजेन्डाको समायोजन अर्थात् युजन हो। यद्यपि, यो धार सरकारमा पुगेर उद्देश्य अनुरूप राज्ययन्त्रको रुपान्तरण गर्न सक्ने हैसियतमा पुगेको छैन। आधारभूत वर्ग र समुदायलाई मूलप्रवाहीकरणका लागि कि र ाजनीतिका पुराना दुई शक्तिशाली धारको रुपान्तरण हुनुपर्‍यो कि भने विभेद र उत्पीडनमा परेका वर्ग र समुदायको अधिकारको वकालत गर्दै लोकतन्त्रको आन्दोलन पूरा गर्न सत्तास्वार्थ भन्दा पनि संघर्षको बाटो रोज्नेहरुले राजनीतिको तेस्रो धार स्थापना गर्नुपर्‍यो।

अहिले सीमान्तकृत समुदायको मुक्ति र अधिकारको आवाज कमजोर हुन थालेको छ। परिवर्तनका आन्दोलनका एजेन्डाहरु टुहुरो जस्तो बनिरहेको छ। पछाडि फर्कन चाहनेहरु बलियो देखिन थालेका छन्। यसको बोध आम शोषित उत्पीडित वर्ग जनसमुदायले गर्न जरुरी छ। त्यसैले अर्को आम शोसित उत्पीडित समुदायबीचको एकता र एकरूपता कायम गर्न जरुरी देखिएको छ।

उत्पीडित वर्ग, जाति र समुदायको नेतृत्व अबको शासन व्यवस्थामा कसरी स्थापित गर्ने भने राजनीतिक म्यान्डेटको खाँचो छ। सदियौंदेखिको इतिहासमा उत्पीडित वर्ग, जाति र समुदायको मुद्दा भजाएर उनीहरूमाथि पटकपटक शासन गर्दै सत्ताको मालिक हुने वर्ग निरन्तर रूपमा अर्कै रहँदै आयो। अब इतिहासले एउटा अवसर दिँदैछ। उक्त वर्ग र त्यसका सच्चा नेताहरूले परिवर्तित समय र परिस्थितिको कार्यभार बुझ्न सक्नुपर्दछ। त्यो अवसर पहिचान गर्न सक्नुपर्छ। उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंग र समुदायको मुद्दाहरू बेलैमा बोकेर उनीहरूको बीचमा जान ढिला गर्नुहुँदैन। सुकिलामुकिलाहरूको वरिपरि बसेर हुँदैन। वास्तविक उत्पीडित बस्तीहरूमा जाने, समय दिने र त्यहाँको वस्तुनिष्ठ समस्याहरूको पहिचान गर्नुपर्छ। उनीहरूलाई जागृत गराउने र एउटा अभियान चलाउने सुनौलो अवसर छ।

अहिलेसम्म आइपुग्दा सबै राजनीतिक दलको अवस्था उस्तै छ। केही कम बेसीको कुरा मात्र होला तर, संसदीय व्यवस्थामा दलहरूको आकर्षक मुद्दा र चरित्र उस्तै रह्यो। अहिले पनि निर्वाचन आयोगमा १५० बढी राजनीतिक दल दर्ता छन्। मुलुकमा लोकतान्त्रिक अभ्यासको ७० वर्ष बढी भयो । सबै राजनीतिक दलले जनतामा सबैखाले विभेद र असमानता हल गर्न आम नागरिकको आधारभूत सात वटा समस्या गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा र रोजगारको प्रत्याभूत गराउने ग्यारेन्टी गर्दै आए। तर, सात दशकमा एउटा 'स'को समेत समाधान गर्न सकेका छैनन्। नागरिक र नागरिकको समस्यालाई भोट बैंकको रूपमा मात्र प्रयोग गर्दै आए। सात दशकमा यिनै मुद्दा बोकेर थुप्रै राजनीतिक दल सत्तामा आए। कांग्रेस, एमाले, राप्रपा, सद्भावना, माओवादी, मधेशवादीसम्म आइपुग्दा उनीहरूले चाहेको भए एक दशकमा समाधान हुनसक्थ्यो। तर, उनीहरूले यस्तो इच्छाशक्ति र क्षमता देखाउन सकेनन्/चाहेनन्। किनभने उनीहरु आफैं यो समस्याका निर्माता हुन्। उनीहरूबाट यो काम सम्भव छैन। सात दशकको इतिहासको अभ्यासले यो पुष्टि गरिसकेको छ।

यही संसदीय व्यवस्था वरिपरि गोलचक्कर मार्ने हो भने पाएको अधिकार पनि एक-एक गरी खोसिँदै जान्छन्। पटक-पटकको समानुपातिक, समावेशी र आरक्षणको अधिकार माथि गरिएको हस्तक्षेपमा निरन्तर बढोत्तरी हुनेछ। यसर्थ योभन्दा अग्रगामी राजनीतिक परिवर्तनका लागि अर्को व्यवस्था के हुन सक्छ ? अहिलेको संसदीय व्यवस्थाबाट उत्पीडित वर्ग र जातिको मुक्ति सम्भव देखिएन। दशवर्षे जनयुद्धको अभ्यास र यसपछि १५ वर्षको संसदीय व्यवस्थाको अभ्यासले यो कुराको पुष्टि गरिसक्यो। त्यसैले यो व्यवस्थाभन्दा उन्नत र अग्रगामी व्यवस्थाका लागि वास्तविक उत्पीडित वर्ग, जाति र समुदायको वास्तविक मुक्ति र उनीहरूकै नेतृत्वमा सहभागितालाई मूलप्रवाहीकरण हुने गरी उनीहरूको भूमिकालाई स्थापित गर्ने एउटा युगान्तकारी आन्दोलन/अभियानको आवश्यकता छ।

समयले यसको नेतृत्व गर्ने नेता खोजिरहेको छ ।मुलुकको सामाजिक धरातलीय यथार्थ र यहाँ विद्यमान विविधतालाई बुझेका नेता समयले खोजेको छ। समयले त्यस्तो र ाजनीति खोजेको छ जसले कांग्रेस र कम्युनिष्टको परीक्षित दुई ध्रुवभन्दा बाहिरका प्रगतिशील जनमतलाई सम्बोधन गर्न सकोस्। आफ्नो पुर्खाहरूले विगतमा जात व्यवस्था लगायतका सामाजिक विभेद लादेर गरेको गल्ती कमी-कमजोरीलाई समेत बोध गर्ने गरी यसलाई हल गर्ने विचार र नेतृत्व समयले खोजिरहेको छ। अहिलेको लोकतान्त्रिक समाजलाई सभ्य र विभेदर हित समाजको रूपमा विकसित गर्दै नयाँ सामाजिक आयाम स्थापित गर्ने राजनीति अबको आवश्यकता हो।

त्यो उत्पीडित वर्ग र समुदायको लागि उनीहरूले यो आमूल परिवर्तनमुखी आन्दोलनमा लगानी गर्नुपर्छ। अर्को शासन व्यवस्था स्थापित भइसकेपछि पनि त्यही वर्गलाई शासन व्यवस्थामा स्थापित गर्ने, विशेषाधिकार दिलाउने खालको नयाँ कानून संविधान निर्माण गर्नुपर्छ। हाम्रो राजनीतिमा मधेशलाई हेर्ने वस्तुनिष्ठ दृष्टिकोणको पनि अभाव छ। संघीयताको अभ्यासको सन्दर्भमा मधेशलाई नै देखाएर संघीयताले दिएका अधिकारलाई विवादित बनाउने काम भइरहेको छ । हामीले बुझ्नैपर्ने कुरा- त्यहाँ उत्पीडनका अनेक रूपहरु विद्यमान छन्। पहाडी र मधेशी जनतामा र ाज्य अधिकार प्रयोगमा रहेको असमानता बुझ्नुपर्छ। यसभित्र पनि किनाराकृत वर्ग, जाति र समुदायलाई अग्राधिकार स्थापित गर्नुपर्छ। किनभने देशमा पहाड र मधेश हेर्ने दुईवटा प्रवृत्ति कायमै छ। मधेश वर्षौंदेखि शासन व्यवस्थाबाट बञ्चित रहँदै आएको छ। मधेशको नाम बेच्ने केही नेताहरु शासन सत्तामा त पुगे तर उनीहरु पुरानै राज्यव्यवस्थाको अंगको रुपमा विकास भए। उनीहरुले राज्यव्यवस्थाबाट सिर्जित उत्पीडन र विभेदको अन्त्यका लागि कुनै योगदान गर्न सकेनन्। केवल सत्ताको खेलमा लागे।

मधेशको नाममा राजनीति गर्नेहरू के गर्दैछन् ? मधेशको समस्या क्षेत्रीय समस्या मात्र हो कि वर्गीय र जातीय पनि हो ? वर्गीय र जातीय समस्या पनि हो भने मधेशलाई क्षेत्रीय समस्याको रूपमा मात्र लिनुहुँदैन। आफ्नो लाभ मात्र हासिल गर्ने हिसाबले क्षेत्रीय समस्याको रूपमा लिने हो भने यहाँको वर्गीय र जातीय समस्या झन् विकराल बन्दै जानेछ । मधेशमा रहेका यादव, झा लगायत केही समुदायहरू भनेका यहाँका शासक जातिहरू हुन्। यिनीहरू सिंहदरबारको अधिकार जस्तै हुन्।

त्यसैले यहाँको मधेश अधिकार यिनै शासक जातिलाई सुम्पिने खालको व्यवस्था सृजना गर्नुहुँदैन। यहाँका शासित र उत्पीडित वर्ग र जातिसम्म अधिकार पुग्ने गरी शासकीय स्वरुपको तय गरिनुपर्दछ। सबै अधिकार यहाँका शासक जमीनदारहरूले मात्र पाउने शासकीय स्वरुपका त्रुटिहरु खोजी त्यसलाई सच्याउनुपर्छ। मधेश र पहाडको वास्तविक भूमिपुत्रको हातमा अधिकार लैजाँदै उनीहरुलाई राज्यमा मूलप्रवाहीकरण गर्नुपर्दछ।

संघीयता, समानुपातिक समावेशिताको ठूलै नारा दिइरहेका मूलत: मधेशमा आधारित दलहरु पनि यसको अभ्यासका हिसाबले पुराना पार्टी जस्तै छन्। पार्टी संरचनामा असमावेशिता र एकात्मकताको झल्को देखिन्छ। नश्लीय चिन्तनको ओरालो बाटोमा झरेर समावेशिताको नारा लगाउन सुहाउँदैन। यसलाई सच्याउन सक्ने विचार, राजनीति, संगठन र नेतृत्वको गठनले नै नेपालमा उचित राजनीतिक विकल्प दिनसक्छ। त्यो तेस्रो ुवको नेतृत्व गर्ने हिम्मत र क्षमता देखाउने नेतृत्व नै नेपाली राजनीतिमा हावी हुनसक्छ। हाम्रै जीवनकालमा विभेद रहित समतामूलक समाजको निर्माणका लागि यो विकल्पमा दृढतापूर्वक लाग्न आवश्यक छ। (लेखक जसपा नेपालका केन्द्रीय सदस्य हुन्।)

***साभार : अनलाइनखबर***

# दायित्वच्युत दलजीवीहरू नै यो देश र देशबासीका प्रधान शत्रु हुन्

**सोमबहादुर थापा**

आफैंमा पनि भद्दा शब्द मानिन्छ, 'अवरुद्ध'लाई । अर्थात्, यो विरोध र झगडाको रूप हो । मुलुकको जिम्मेवारीबोध र अचेतनाको अभावमा राजनीतिक पात्रहरू यो स्वाभाविक प्रक्रिया अवलम्बन गर्न पुग्छन् । अर्को अर्थमा अवरोध गर्नु भनेको अराजकता र दण्डहीनता निम्त्याउनु हो । अनि यो प्रतिगमनतिरको बाटो पनि हो । त्यसैले कुनै सभ्य-लोकतान्त्रिक देश र समाजमा 'अवरोध' शब्द स्वीकार गरिँदैन । अवरोध वा बन्दले न आयोजकलाई फाइदा गर्छ न व्यक्ति, समाज, संस्था र राष्ट्रलाई । तर पनि मुलुकमा अवरोधका घटना भइरहेका छन् । २०७८ भदौ २३ यता नेपालको संघीय संसद्को बैठक र कामकारबाही अवरुद्ध छ । संसद्रु अवरुद्ध हुनु भनेको संसदीय मूल्य-मान्यता र नीति तथा सिद्धान्त विपरीतको काम गर्नु हो । मुलुकको ठूलो र प्रमुख प्रतिपक्षी दल किन यस्तो अमर्यादित काममा लागिरहेछ ? आमनागरिकको मन मस्तिकमा परेकै छ । इतिहासमा कुनै बेला निर्मम समीक्षा हुने नै छ ।

संसदीय शासन व्यवस्थामा संसद्रु, मुलुक र नागरिकले बेहोरिरहेका यावत् समस्यामाथि बहस र छलफल गरेर उचित समाधान निकाल्ने तथा सार्वजनिक नीति निर्माण, पुनरावलोकन र सुशासनलाई गति दिने संवैधानिक संस्था छ । यसैकारणले संसद्को मूल्य, मान्यता र गरिमा सरकारका अन्य दुई अंग कार्यकारिणी, सरकार र न्यायपालिकाको भन्दा उच्चस्तरको हुन्छ भन्ने मान्यता राखिन्छ । हुन पनि संघीय संसद्को अधिकार क्षेत्र यति विशाल र असीमित छ कि यसले नहेर्ने, निगरानीभित्र नपर्ने र छानबिन नगर्ने कुनै क्षेत्र नै छैन । त्यहीकारण संसदीय व्यवस्थाबारे सत्रौं शताब्दीतिर बेलायतमा भन्ने गरिन्थ्यो, 'पुरुषलाई महिला र महिलालाई पुरुष बनाउनेबाहेक अरु सबै काम संसद्ले गर्न सक्छ ।'संसद्बाट निर्मित कानुनअनुरूप राज्य सञ्चालित हुन थालेपछि संसद्ले गर्न नसक्ने कुनै काम छैन भन्ने स्पष्ट हुन गएको हो । यस्तो महत्वपूर्ण जिम्मेवारी र गरिमा बोकेको संघीय संसद्को बैठक र काम-कारबाहीहरूलाई रोक्नु वा अवरोध गर्नु कुनै पनि दृष्टिले औचित्यपूर्ण भन्न सकिँदैन । संसद्मा सत्ता पक्ष र विपक्षका सदस्यहरूले राज्य र नागरिकका यावत् समस्या र चुनौतीबारे छलफल नगर्ने हो भने आउँदा चुनावमा बदला लिन्छन् भन्ने मान्यता पनि छ । त्यसकारण दायित्वच्युत भएमा सांसदहरूले आउँदो मत माग्ने नैतिक साहस पनि राख्ने छैनन् । तिनलाई केवल नागरिकको कर दुरुपयोग गर्ने पात्रमा चित्रित गर्नेछन् । मुलुक कोभिड-१९ र अनेकन् कारण नागरिक असाधारण अवस्थाबाट गुज्रिरहेका छन् । देशको आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक विकास तथा निर्माण र औद्योगिकीकरणको क्षेत्र तहस-नहस छ । नागरिकले खान नपाएको र उपचार पनि नपाएको अवस्था एकातिर छ, भने अर्कोतिर किसानले खेती गर्नलाई मल पनि नपाएको अवस्था छ । देश र नेपाली समाज यस्तो अत्यन्त नाजुक र दयनीय अवस्थामा पुग्दा पनि संघीय संसद्मा कुनै बहस र छलफल नहुनु भनेको सरकार र राज्यविहीन अवस्था हुनु हो भन्नेमा कुनै द्विविधा देखिँदैन ।

संसद्, सरकार र न्यायपालिकाको व्यवस्था संविधानमा किन गरियो भन्ने प्रश्न स्वभाविकरूपमा उठ्न थालेको छ । नागरिकले सकी-नसकी किन यिनका लागि कर तिर्ने ? यो स्वाभाविक प्रश्न हो । देश र नागरिकले बेहोरिरहेका जल्दाबल्दा समस्याबारे वहस र छलफल नगर्ने हो भने राजनीतिक दल, राजनीतिक दलका नेता र राजनीतिको भूमिका र कार्य  पनि सिद्धियो भन्न थालिएको छ । राजनीतिक दल र सबै दलका नेताहरूले जनताले उठाएका यी गम्भीर समस्याबारे गम्भीर भएर जवाफ दिनुपर्ने बेला आएको छ ।  संघीय संसद्को बैठक र काम-कारबाहीमा भदौ २३ यता भइरहेको अवरोधले मुलुक र अन्तर्राष्ट्रिय जगत्मा के सन्देश दिएको होला ? प्रमुख प्रतिपक्षी दल र अरु दलका नेताहरूले सोच्नुपर्दैन ? संसद् मात्र होइन, न्यायालय पनि लामो समय अवरोधबाटै गुज्रियो । तर संसद्वादी दलहरू संवैधानिक दायित्व पूरा गर्न असफल रहे । कतै मुलुकलाई 'असफल राष्ट्र' घोषित गराउने योजनाबद्ध खेलमा दलीय नेताहरू त लागिरहेका छैनन् ? विनाकारण यसरी संसद् अवरुद्ध गर्नु राजनीतिक गैरजिम्मेवारीपनाको पराकाष्ठा हो । त्यसकारण दायित्वच्युत भएमा सांसदहरूले आउँदो मत माग्ने नैतिक साहस पनि राख्ने छैनन् । तिनलाई केवल नागरिकको कर दुरुपयोग गर्ने पात्रमा चित्रित गर्नेछन् । संसद्का काम-कारबाही अवरुद्ध गर्नु गैरसंसदीय क्रियाकलाप हो । अनि यी क्रियाकलाप संसदीय नियमावली विपरीत पनि हो । संसदीय शासन व्यवस्थामा प्रमुख प्रतिपक्ष दललाई 'वैकल्पिक सरकार' भन्ने गरिन्छ । कुनै पनि बेला सरकारमा जान सक्ने उसको हैसियत हुन्छ । त्यसो हुँदा प्रमुख प्रतिपक्षी दलले दलगत झगडा र द्वन्द्व विषयमा संघीय संसद्को बैठक र काम-कारबाही अवरोध गर्नुले उसलाई गैरजिम्मेवार दलको कित्तामा उभ्याइन्छ । त्यसकारण पनि उसको दलगत झगडा संसद्भित्र प्रवेश गराउँदै अवरोध गर्नु कुनै पनि हिसाबले औचित्यपूर्ण देखिँदैन ।

मुलुकका समस्यामा सत्तारूढ दललाई जिम्मेवार बन्न सचेत तुल्याउने दायित्य बोकेको प्रमुख विपक्षी यसरी गैरजिम्मेवार बन्नु भनेको सरकारलाई स्वेच्छाचारी बन्न अवसर दिनु हो । सरकारलाई प्रश्न सोध्ने र जिम्मेवार बनाउने काम प्रमुख प्रतिपक्षी दलको भूमिकामाथि चारैतिर प्रश्न उठेको छ । यसरी अवरुद्ध गर्दा प्रमुख प्रतिपक्षी दललाई कुनै पनि हिसाबले फाइदाजनक देखिँदैन । यो दृश्यले प्रमुख प्रतिपक्षी दल आफ्नो संवैधानिक भूमिका र दायित्ववाट च्युत भएको स्पष्ट हुन्छ । हालका प्रमुख प्रतिपक्षी दल एमाले एउटा महत्वपूर्ण जिम्मेवार पार्टी हो । यसले पार्टीका चार जना नेताहरूलाई देशको प्रधानमन्त्री बनाउन सफलता पाएको थियो । त्यसरी नै यसले नेपालको संसदीय इतिहासमा सबैभन्दा लामो समयसम्म सभामुख भएर काम गर्ने व्यक्ति एमालेले पायो । यस्तो महत्वपूर्ण इतिहास बोकेको पार्टीले दल विशेषको द्वन्द्व र झगडालाई लिएर संघीय संसदको बैठक र काम कारबाहीहरूलाई अवरुद्ध गर्नु कुनै पनि दृष्टिकोणले औचित्यपूर्ण देखिँदैन । अमेरिकाको निवर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पका समर्थकले कांग्रेस भवन अर्थात् संसद् भवनमा ढुंगामुढा गरेर क्षति पुर्‍याउँदा आज अमेरिकी कांग्रेसले अध्ययन र छानबिनको विषय बनाएको छ । २०७८ भदौ २३ देखिको संसद्को अवरुद्धताको असर र क्षतिबारे नेपालको संघीय संसद्ले अध्ययन र छलफल किन नगर्ने ? संसदीय इतिहासमा यस्ता अस्वाभाविक क्रियाकलाप छानबिन गरिनुपर्छ र जिम्मेवार तुल्याइनुपर्छ । समग्रमा हेर्ने हो भने लामो समयदेखि संसद् अवरुद्ध हुँदा नेपालका सबै राजनीतिक दल र राजनीतिक नेताहरूको सम्मान र गरिमा घटाउने काम गरेको छ । संघीय संसद् नियमित रूपले सञ्चालन गर्ने/गराउने दायित्व सत्तापक्ष र प्रतिपक्ष दुवैको हो । यो मामिलामा सत्तापक्ष पनि चुकेको देखिन्छ । वार्ता र छलफल गरेर लामो समयदेखिको संसद्को अवरोध हटाउन सत्तापक्षले ठोस कार्य र भूमिका निर्वाह गरेको पनि देखिएन ।

अघिल्लो अधिवेशन पनि विरोधमै बित्यो । यो अधिवेशनमा पनि सरकारले के/कति विधेयक पेस गर्ने र के/कति छलफल र पारित गर्ने भन्ने खाका पनि नबनाई संसद्को अधिवेशन बोलाइएको छ । लामो समयसम्म संघीय संसद्को बैठक र काम-कारबाही सहज नहुनुले संसदीय लोकतान्त्रिक शासन व्यवस्था सार्थक र प्रभावकारी छैन भन्ने प्रमाणित गर्नु हो । आफैंले सिर्जना गरेको यो संविधान र शासकीय व्यवस्थालाई आफैंले निरर्थक भन्नु भनेको राजनीतिक दिवालियापना पनि हो । यो भन्दा पनि अर्को गम्भीर प्रश्न के उठेको छ भने हालको संसद्को बैठकलाई अवरोध गर्ने अभ्यासले निरन्तरता र मान्यता पाउने हो भने अब नेपालमा संसदीय चुनाव गर्नुको कुनै अर्थ पनि रहँदैन । यस्ता क्रियाकलापले राजनीतिक दल र तिनका नेताहरूले गरेको खराब सोच र कार्यले आफैंलाई सिध्याउने देखिन्छ । यस्तो अवस्था  नआओस् । चाँडै नै संघीय संसद्को अवरोध हटाइनुपर्छ ।

***साभार: इकागज***

# फेरि आमा बन्दै चपली हाइटकी बिनिता

**फिल्म 'चपली हाइट' मा बोल्ड सिन दिएपछि एकाएक चर्चामा आएकी विनिताले त्यसयता 'फूल स्पट, सुपरहिट, उमंग' लगायतका फिल्ममा अभिनय गरे तापनि अपेक्षाकृत सफलता हासिल गर्न सकिनन् ।**

काठमाडौं /२०७६ सालको पुष १० गते अमेरिकामा पहिलो सन्तानको रुपमा छोरी (काया)लाई जन्म दिएकी 'चपली हाइट' गर्ल विनिता बराल फेरि आमा बन्न लागेकी छन् ।

क्रिसमसको अवसरमा आइतवार आफ्नो फेसबुकमा बेबी बम्पसहितको एक तस्विर पोस्ट गर्दै आफू दोस्रो पटक आमा बन्न लागेको जानकारी दिएकी हुन् । उनले आृनो गर्भमा ५ महिनाको बच्चा रहेको पनि उल्लेख गरेकी छन् ।

फिल्म 'चपली हाइट' मा बोल्ड सिन दिएपछि एकाएक चर्चामा आएकी विनिताले त्यसयता 'फूल स्पट, सुपरहिट, उमंग' लगायतका फिलममा अभिनय गरे तापनि अपेक्षाकृत सफलता हासिल गर्न सकिनन् ।

लगातार एकपछि अर्को फिल्म असफल हुन थालेपछि उनले केही वर्ष टोखामा तरकारी खेती समेत गरेकी थिइन् । तर, तरकारी खेती पनि उनका लागि फलदायी सावित हुन सकेन ।

फिल्म र तरकारी खेतीबाट निराश भएर अध्ययनका लागि भन्दै केही वर्ष अगाडि अमेरिका हानिएकी उनले बीचमा आफैंले लेखेको 'जुइनो' नामक पुस्तक बजारमा ल्याएकी थिइन् ।

अमेरिका बसाईकै क्रममा तिलक पौडेलको प्रेममा डुबेकी उनले २०७६ सालमा लगनगाँठो कसेकी थिइन् । अमेरिका उडेपछि उनी अभिनयमा फर्किएकी छैनन् । उनी अहिले गृहस्थी जीवन विताइरहेकी छन् । *फिल्मी खबरबाट*



# 'कठपुतली'को दोस्रो ट्रेलरमा तर्साउने दृश्य



काठमाडौं /पुष १६ गतेबाट देशव्यापी प्रदर्शनमा आउन लागेको फिल्म 'कठपुतली'को दोस्रो ट्रेलर सार्वजनिक भएको छ ।

तीन हप्ता अगाडि पहिलो ट्रेलर सार्वजनिक गर्दा निर्माण टिमले दोस्रो ट्रेलर पनि सार्वजनिक गर्ने घोषणा गरेको थियो ।

पहिलो ट्रेलरमा तर्साउने दृश्यहरु नभएको टिप्पणी भए पनि ट्रेलरको चौतर्फी तारिफ भइरहेको छ । दोस्रो ट्रेलरमा भने तर्साउने दृश्यहरु समावेश छन् ।

दोस्रो ट्रेलर हेर्दा फिल्मको मूल कथा नायक कर्माको वरीपरी घुमेको बुझ्न सकिन्छ । विविध परिस्थितिका कारण एक राजकुमारले एक विकट ठाउँको दरबारभित्र सामना गर्नुपरेका रहस्यहरु तथा अदृश्य शक्तिहरूबाट बचनको लागि गरेको संघर्षको कथालाई ट्रेलरमा देखाइएको छ । २ मिनेट ९ सेकेण्डको ट्रेलरमा कर्माको अभिनयले ध्यान खिच्छ । ट्रेलरमा ब्याकग्राउन्ड स्कोर स्तरीय छ ।

भिमसेन लामाको निर्देशनमा बनेको फिल्ममा गौरी मल्ल, मिथिला शर्मा, ध्रुव कोइराला, शिल्पा माष्के, कर्मा, उषा रजक, सुवर्ण थापा लगायतको अभिनय छ । हरर जनरामा निर्मित फिल्मलाई पृथ्वी राना मगरले निर्माण गरेका हुन् भने सम्पदा मल्लले कथा लेखेकी हुन् । अष्ट्रेलियाका छायाँकार जोएल फ्रूमले खिचेको फिल्मको सह-निर्मातामा विशाल गुरुङ, धर्म श्रेष्ठ र हेम थापा छन् । *फिल्मी खबरबाट*

# साउथ इन्डियन फिल्ममा आँचलको डेब्यू




अभिनेत्री स्वस्तिमा खड्कापछि आँचल शर्माले पनि साउथ इन्डियन फिल्ममा डेब्यू गरेकी छन् ।

उनले नेपालमा छायांकन भएको तेलुगू फिल्म 'हिटम्यान'मा मुख्य भूमिकामा अभिनय गरेकी हुन् । १५ दिनसम्म काठमाडौं र पोखरामा छायांकन भएको फिल्ममा उनले नेपालीमै संवाद बोलेकी छन् । फिल्ममा उनको अपोजिटमा नेपाली मुलका तेलुगू कलाकार विष्णु अधिकारी प्रस्तुत छन् ।

विष्णु फिल्मका निर्देशक पनि हुन् । उनले अब फिल्मको १० प्रतिशत मात्र छायांकन बाँकी रहेको र त्यसलाई भारतको हैदराबादमा खिच्ने तयारी भएको जानकारी दिए ।

उनका अनुसार, नेपालमा फिल्मको ५० प्रतिशत छायांकन गरिएको छ । उनले नेपालमा खिचिएको भागमा नेपाली भाषामै संवाद समावेश गरिएको र भारतमा खिचिएको भागमा तेलुगू भाषामा संवाद राखिएको बताए ।

उनले भने- 'फिलम नेपाल र भारत दुवै देशमा रिलिज हुनेछ । नेपालमा रिलिजका लागि तेलुगू संवादमा नेपाली सब टाइटल राख्नेछौं भने भारतमा रिलिजका लागि नेपाली संवादको ठाउँमा तेलुगू सब टाइटल राख्नेछौं ।

'हिटम्यान'को कथा नै नेपाल र भारतसँग जोडिएको छ ।' फिल्ममा नेपालको पार्टमा विष्णुको जोडीको रुपमा आँचल देखिनेछिन् भने भारतको पार्टमा अदिती शर्मा छिन् ।

पहिलो पटक तेलुगू फिल्ममा अभिनय गरेकी आँचलले भाषा बुझ्न गाह्रो भए पनि दुईवटा क्यामेराले खिचिएकाले बारम्बार एउटै दृश्य नपरेको बताएकी छन् ।

हैदराबादमा हुने फिल्मको प्रिमियरमा आफू पनि सहभागी हुने उनले जानकारी दिएकी छन् । दीपक अधिकारीले निर्माण गरेको फिल्मलाई वाईएस शेखरले खिचेका हुन् । फिल्मलाई आउँदो मार्चमा रिलिज गर्ने विष्णुको योजना छ । *फिल्मी खबरबाट*

# सन्नी लियोन अभिनित 'मधुवन' गीतको बोल र शब्द परिवर्तन गरिने



काठमाडौं /भारतको मध्यप्रदेशका गृहमन्त्री नरोत्तम मिश्राको धम्कीपछि सारेगम म्युजिकले बलिउड अभिनेत्री सन्नी लियोन अभिनित 'नाचे राधिका मधुवनमे' गीतको बोल र शब्द परिवर्तन गर्ने भएको छ ।

सारेगमले फेसबुकमार्फत दिएको जानकारीअनुसार ३ दिनभित्र सबै प्लेटफर्ममा पुरानो गीतको साटो नयाँ गीत राखिनेछ । मध्यप्रदेशका गृहमन्त्री मिश्राले सन्नी र संगीतकार शकिब तोसीलाई ३ दिनभित्र म्युजिक भिडियो हटाउन चेतावनी दिएका थिए । सन्नी अभिनित उक्त म्युजिक भिडियोलाई अश्लील तथा आपत्तिजनक भन्दै मन्त्री मिश्राले तीन दिनभित्र हटाउन अल्टिमेटम दिएका हुन् । जुन गीत पुरानो फिल्म 'कोहीनूर'को थियो ।

मिश्राले उक्त गीतको भिडियोलाई आपत्तिजनक भन्दै भिडियो नहटाए कानुनी कारबाही गर्ने चेतावनी दिएका थिए । साथै भिडियोले हिन्दु भावनामाथि चोट पुऱ्याएको पनि मन्त्री मिश्राको दाबी छ ।

सन्नी लियोनको उक्त भिडियो हटाउन चेतावनी दिने मध्यप्रदेशका गृहमन्त्री मिश्रा एक्लो व्यक्ति भने हैनन् । यसअघि उत्तर प्रदेशका पुजारीहरूले पनि धम्की दिएका छन् ।

उत्तर प्रदेशका सन्त नवल गिरी महाराजले यदि सरकारले कानुनी कारबाही नगरेका आफूहरू भिडियोका विरुद्ध अदालत जाने चेतावनी दिएका छन् । कनिका कपुरकोको श्वर रहेको उक्त गीत सोमबार बिहानसम्म १ करोड १० लाखभन्दा बढी पटक हेरिएको छ ।

## महाधिवेशन प्रतिनिधिको विश्वास

# माओवादी पुन: बौरिएर आउँछ




काठमाडौं (रासस)/ तत्कालीन नेकपा (माओवादी)ले सञ्चालन गरेको जनयुद्धका कारण देशमा गणतन्त्र स्थापित भएको छ । लामो व्यवस्थामा बदलाव आएको छ ।

राजनीतिक प्रणाली फेरिएको छ । मानिसका सोच र चाहना चलायमान भएका छन् । यद्यपी राजनीतिक क्रान्तिसँगै आर्थिक विकासले गति लिन नसक्दा अवस्थामा खासै परिवर्तन आएको छैन ।

जनयुद्धका क्रममा १७ हजार बढी नागरिकको ज्यान गयो । हजारौं नागरिक घाइते भए । एक हजार ५०० बढी नागरिक बेपत्ता भए । राजनीतिक रूपमा परिवर्तन भए पनि शहिद, बेपत्ता र अपाङ्गता भएका नागरिक र तीनका परिवारले परिवर्तनको अनुभूति ढुक्कसँग महसुश गर्न पाएका छैनन् । मानिसमा एक प्रकारको निराशा पनि सँगसँगै छ । यो सँगै अझै आश मेरेको छैन किनकी 'सास रहेसम्म आश रहन्छ' भन्ने विषय मानवीय स्वभाव हो ।

नेकपा (माओवादी केन्द्र)को आठौं राष्ट्रिय महाधिवेशन आइतबारदेखि काठमाडौंमा शरु भएको छ । महाधिवेशनमा एक हजार ७०० बढी प्रतिनिधि सहभागी छन् । राजनीतिक क्रान्तिमा श्रेष्ठता हासिल गरेको माओवादीले यस महाधिवेशनबाट थप प्रष्ट विचार सहित आफूलाई स्थापित गर्ने बताइरहेको छ ।

अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सोमबार अढाई घण्टा लगाएर राजनीतिक प्रतिवेदन पेश गरे । माओवादीका प्रतिनिधि तथा पर्यवेक्षक अध्यक्ष प्रचण्डको प्रतिवेदन अध्ययन गर्ने क्रममा छन् । महाधिवेशनमा विभिन्न वर्ग, क्षेत्र र समुदायका प्रतिनिधिको उपस्थिती छ । उनीहरूमा अझै पनि विश्वास छ, माओवादी बौरिएर आउँछ र २०६४ सालको जस्तै स्पातिलो बन्छ । जनताको विश्वास र भरोसा पनि उस्तै छ । सैंघीय लोकतान्त्रिक गणतन्त्र, सैंघीयता, धर्मनिरपेक्षता, समावेशी तथा समानुपातिक प्रतिनिधित्वलाई माओवादीले स्थापित गरेको छ ।

माओवादीको महाधिवेशनमा सहभागी हुन आउनु भएका रुकुम पश्चिमका वृक्ष उकेरा क्षेत्री 'साकार' आफैं जनयुद्धको एक योद्धा हुन् । पूर्व जनमुक्ति सेनामा काम गरेका क्षेत्री युद्धको क्रममा घाइतेसमेत भए । उनलाई लागेको छ, माओवादी छिट्टै पूर्ववत् अवस्थामा फर्कनेछ । उनले शहिद परिवार, घाइते योद्धाको निम्ति पार्टी फुट्नु अत्यन्त दुःखद् भएको बताए । उन भने, 'मेरो आग्रह छ माओवादीहरू मिल्नुपर्छ । अध्यक्ष प्रचण्डको नेतृत्वमा फेरी पूर्व माओवादीहरू एकीकृत हुनुपर्छ ।' विसं २०६४ को संविधानसभा निर्वाचनमा माओवादी पहिलो पार्टी भएको थियो । अबको निर्वाचनमा पनि माओवादी पहिलो पार्टीको रूपमा आउनुपर्छ भन्ने उनलाई लागेको छ । विसं २०५५ देखि माओवादी पार्टीमा आबद्ध भएका श्रेत्री २०५७ सालमा जनमुक्ति सेनामा प्रवेश गरेका थिए । जनयुद्धका क्रममा पाल्पा आक्रमणमा घाइते भइपछि दायाँ खुट्टा गुमाउनु परेको थियो ।

उनले भने, 'जनताले हेर्दा सबै पार्टीको विधि, विधान, एजेण्डा, भाषण, सिद्दान्त राम्रै लाग्छ तर व्यवहारमा लागू कुन पार्टीले गऱ्यो त भन्ने विषय मुख्य हो । व्यवहारमा हेर्दा सैंघीयता, समावेशीता, धर्मनिरपेक्षता, गणतन्त्र माओवादीको एजेण्डा हो भन्नेमा जनता प्रस्ट छन् ।' उनको विचारमा दलित, महिला, जनजाति, मधेशीलगायत उत्पीडित समुदायको पार्टी भनेकै माओवादी पार्टी हो । यो पार्टीको विगतमा केही कमिकमजोरी भए पनि त्यसलाई सच्याउँदै फेरी आृना मुद्दालाई लिएर जनता सामु जानुपर्ने उनको सुझाव छ । पार्टीको महाधिवेशनले अझै सशक्त नीति बनाएर जनतामा जाने उनको विश्वास छ ।

उनलाई लाग्छ दश वर्षे जनयुद्ध माओवादीले जितेको पनि होइन र हारेको पनि थिएन । अब फेरी जनयुद्ध वा द्वन्द्व गर्न सम्भव पनि छैन । शान्ति प्रक्रिया एउटा सम्झौता मात्रै भएको हो । माओवादी शान्ति प्रक्रियामा आएको धेरै भएको छैन । राज्य संरचनामा माओवादी भर्खरै आएको हुँदा सबै पार्टीसँग सहकार्य जानुको विकल्प थिएन । उहाँलाई जनयुद्धप्रति कुनै पश्चाताप छैन बरु गर्वको बेध छ । 'हामी व्यक्ति वरिवर्तनको लागि लडेको होइन, साम्यवादका लागि लडेको हो । सिङ्गो देशको प्रणाली परिवर्तनका लागि लडेका हौं, त्यसैले धैर्य गर्नुपर्छ परिवर्तन भएको हन्छ, हुन्छ ।'

सुदूरपश्चित प्रदेश पञ्चदेवल विनायक नगरपालिका-४ कालिका महाधिवेशन प्रतिनिधि, रामबहादुर विक पनि माओवादी पूर्ववत् अवस्थामा फर्कनेमा ढुक्क छन् । उन भने, 'माओवादीसँग एजेण्डा छ । माओवादीको एजेण्डालाई अरुहरूले खोस्न खोजेर यो नखोसिने उनको भनाइ छ । नेपालको राजीनतिक परिवर्तन र यो व्यवस्था ल्याउका लागि माओवादी आन्दोलनको ठूलो त्याग, तपस्या र सैर्ष रहेको स्मरण गर्दै उनले आफूहरूले उठाएका एजेण्डा अहिले राज्यमा स्थापित भएका प्रशन्नता व्यक्त गरेका छन् । राजनीतिक एजेण्डालाई त्यसलाई संस्थागत गर्नका लागि माओवादी पुसन आफ्नो धरातलमा फर्कनुपर्ने उनको भनाइ छ । 'पार्टी जनताको बीचमा जानुपर्छ । जनतालाई एकताबद्ध गर्नुपर्छ र फेरी जनतालाई राज्य सत्ताको मूलप्रवाहमा जोड्नका लागि माओवादी पार्टीले त्यही प्रकारको नीति बनाउनुपर्छ', उनले भने ।

नामले परिवर्तन भयो तर जनताको जीवनमा परिवर्तन भएको छैन जनताको जीवन शैलीमा परिवर्तन गर्नका लागि माओवादीले एक पटक फेरी पहल गर्नुपर्ने उनको भनाइ छ । 'यो देशका उत्पीडित जाती, महिला, दलित, जनजाति, उत्पीडित क्षेत्रका मानिसलाई फेरी राज्यको मूल प्रवाहमा जोड्नका लागि माओवादी पार्टीले फेरी एक पटक अभियान चलाउनुपर्ने आवश्यकता देखिन्छ', उनले भने । माओवादीबाट छुट्टिएर अर्को पार्टी खोल्ने नेताहरूलाई तपाई के भन्नुहुन्छ ? भन्ने प्रश्नको जवाफमा उनको टिप्पणी छ, 'राजनीतिक पार्टीमा यो प्रवृत्ति स्वाभाविक हो । केही मान्छेहरू व्यक्तिगत स्वार्थ प्राप्तिका लागि मूल पार्टी छोडेर दायाँबायाँ गरी नै राखेका हुन्छन् ।'

उनको विचारमा प्रतिगमनकारी गतिविधिमा लागेका मान्छे र समूहसँग जानु आफैमा मिल्दो कुरा थिएन । उनले भने, 'केपी ओली शर्माको पार्टीमा गएका मान्छेहरूले केही पद वा कुर्ची प्राप्त गर्नका लागि गएका हुन् । त्यसले त्यति ठूलो अर्थ राख्दैन । अवसरवादीहरू जाने आउने भइ नै रहन्छ । माओवादी पार्टी झन बलियो भएर जनताको बीचमा गएको छ ।' महाधिवेशनमा सहभागीहरूका समान धारणा छन्, माओवादी पुन: बौरिएर आउँछ । उनीहरूको भनाइ छ, 'हामी त्यो विश्वासका साथ अगाडि बढेका छौं, किनकी हामीले एजेण्डा छाडेका छैनौं । जनतालाई विश्वास छ, माओवादी अझै भरोसायोग्य शक्ति हो भन्नेमा ।' नेता तथा कार्यकर्ताको यो विश्वास र भरोसालाई माओवादी नेतृत्वले समयमै सम्बोधन गरोस् ।

# संकटाको सान, आर्मीलाई धक्का



काठमाडौं/उत्तम राईको दुई गोल सहयोगमा संकटा क्लबले आइतबार ब्रिगेड ब्वाइजलाई ३-० ले हराएर सहिद स्मारक 'ए' डिभिजन लिग २०७८ मा उत्कृष्ट लय कायमै राखेको छ ।

अपराजित रहेको संकटा तेस्रो जितसँगै १२ अंक बनाउँदै तेस्रो स्थानमा उक्लियो । संकटालाई दोस्रो खेलमा त्रिभुवन आर्मीले थ्रीस्टार विरुद्ध गोलरहित खेलेको फाइदा पनि भयो । संकटाले पहिलो हाफमै तीन गोल गऱ्यो । कर्नरमा ब्रिगेड ब्वाइजका डिफेन्डरले क्लियर गर्न नसकेको बल जोर्डन जुनियर ओवोनाले मिलाइदिएका थिए र त्यसैमा उत्तमले हेडर गोल गर्दै १३ औं मिनेटमै संकटालाई अग्रता दिलाए ।

दक्षिण एसियाली कोटामा संकटा आएका उनले व्यक्तिगत दोस्रो गोल २८ औं मिनेटमा गरे । उनले फोडे फोफनाको क्रसमा नियन्त्रण गर्दै बललाई पोस्टको दिशा दिएर संकटाको अग्रता २-० ले अगाडि बढाए । यी सिक्किमे फरवार्डले भारतका चर्चित क्लबहरू डेम्पो, चेन्नई एफसी र मिनेरवा पन्जाबबाट खेलिसकेका छन् । मनाङविरुद्ध २-२ को बराबरीमा पनि एक गोल गरेका उनले गत सिजन फ्रेन्ड्स क्लबका लागि खेलेका थिए ।

तेस्रो गोल लक्ष्मण रुचालले गरे । गोलकिपर पूर्ण चेम्जोङ अगाडि बढेको समयमा रन्दीप पौडेलले 'मिस पास' दिए, जसलाई लक्ष्मणले सहजै खाली पोस्टमा गोलमा परिणत गरेपछि संकटाले अग्रता तेब्बर बनाएको थियो । उनले हिमालयन शेर्पाविरुद्ध १-१ मा टुंगिएको खेलमा पनि गोल गरेका थिए । जितपछि संकटाका प्रशिक्षक विष्णु गुरुङले भने, 'ब्रिगेड ब्वाइजले केही मुख्य खेलाडी गुमाएको थियो, त्यसले हामीलाई सजिलो बनाइदियो । सुविधाजनक अग्रता लिएपछि हामीले अन्त्यतिर आफ्नो पोजिसनलाई कायम राख्यौं ।'

उनको टिमले ब्रिगेड ब्वाइजअघि फ्रेन्ड्स र पुलिसलाई हराएको थियो भने हिमालयन शेर्पा, मनाङ र मछिन्द्रविरुद्ध बराबरी खेल्दै अंक बाँडेको थियो । संकटाले तीन जित र तीन बराबरी खेलेको छरु। यससँगै संकटाले शीर्षस्थानको मछिन्द्रसँगको दूरी २ अंकमा छोट्यायो । अपराजित मछिन्द्रले १४ अंक जोडेको छ भने दोस्रोमा रहेको मनाङको खातामा १३ अंक छ । यो लिगमा अर्को अपराजित टिम आर्मी १० अंकसहित चौथोमा छ । *(इकान्तिपुरबाट)*



हार्दिक बधाई

यस अग्रगति बचत तथा ऋण सहकारी संस्था लि.का सल्लाहकार एवम् बाल अधिकार क्षेत्रका अभियन्ता श्री **प्रकाश खतिवडा** ज्यू, राष्ट्रिय बाल संगठन संचालक समितिको गरिमामय केन्द्रीय अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा उहाँको सफल कार्यकालको कामनासहित हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

निलम बैद्य (अध्यक्ष) एवम्
**अग्रगति बचत तथा ऋण सहकारी संस्था लि., परिवार**

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ

प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# तीन दिनमा 'मिस मकवानपुर'को फाइनल



साझाकुरा संवाददाता

हेटौंडा/'मिस मकवानपुर' सौन्दर्य प्रतियोगिताको फाइनल तीन दिनपछि हेटौंडामा तय भएको छ । १५ पुसमा मिस मकवानपुरको फाइनल हुन लागेको हो ।

मिस मकवानपुरको तेस्रो संस्करण कलिउड सुपर डान्स एण्ड फिटनेस प्रालीले गर्दैछ । आयोजक कम्पनीका अध्यक्ष सुजन श्रेष्ठले मिस मकवानपुरको फाइनलमा १८ जनाले प्रतिस्पर्धा गर्ने जानकारी दिएका छन् ।

१ मंसिरमा २७ जनाले भाग लिएको अडिसनबाट १८ जना छानिएका थिए । फाइनल प्रतिस्पर्धी मनहरी गाउँपालिका, हेटौंडा उपमहानगरपालिका र तराई क्षेत्रका रहेको श्रेष्ठले बताए । उनका अनुसार मकवानपुरसहित छिमेकी जिल्लाबाट प्रतियोगितामा सहभागिता जनाइएको थियो ।

फाइनलमा छनौट भएका १८ जनाले ५ मंसिरदेखि प्रशिक्षण लिएका थिए । आयोजकले सहभागी शुल्क ५ हजार तोकेको श्रेष्ठले बताए । मिस मकवानपुरको फाइनल सम्म करिब १५ लाख खर्च हुने अनुमान आयोजकले गरेको छ ।

प्रतियोगितामा प्रथम स्थान हासिल गर्नेले चाँदीको ताज सहित नगद एक लाख, दुई रात तीन दिनको स्वेदश भ्रमण, फिटनेसका नि:शुल्क प्रशिक्षण सेवाका साथै थुप्रै पुरस्कारको व्यवस्था गरिएको अध्यक्ष श्रेष्ठले बताए । दोस्रो हुनेले नगद ५० हजारसहित फोटो सुट, दुई रात तीन दिनकोको स्वेदश भ्रमण र आकर्षण पुरस्कारहरुका पाउने छन् ।

तेस्रो स्थान ओगट्ने प्रतिस्पर्धीले नगद २५ हजारसहित फोटो सुट, दुई रात तीन दिनको स्वेदश भ्रमण प्याकेज र अन्य पुरस्कारहरु पाउने आयोजकले जनाएको छ । मिस मकवानपुरलाई रोहिनी हाउजिङ एण्ड सप्लायर्स प्रालि, स्वस्तिक डेभ्लपर्स प्रालि र वरदान हाउजिङ एण्ड रियल स्टेट प्रालिले मुख्य प्रायोजन गरेको श्रेष्ठले जानकारी दिएका छन् ।

हेटौंडा स्कुल अफ म्यानजमेन्ट सहप्रायोजक छ । निर्णायकहरु मिस युनिभर्स नेपालका सेकेण्ड रनरअप रक्षा उप्रेती, नायक विनोद न्यौपाने, चलचित्र निर्माता कृषा चौलागाईं र नायिका सरिता गिरी छन् ।

# समानुपातिक विज्ञापन वितरण गर्न महासंघको आग्रह

साझाकुरा संवाददाता




हेटौंडा/नेपाल पत्रकार महासंघ मकवानपुरले जिल्लास्थित सञ्चारमाध्यमहरुलाई समानुपातिक विज्ञापन वितरण गर्न आग्रह गरेको छ ।

उद्योग संघ मकवानपुर र मकवानपुर उद्योग वाणिज्य संघसँग महासंघले सोमबार छलफल गर्दै समानुपातिक विज्ञापन वितरण गर्न आग्रह गरेको हो । हेटौंडामा रहेका राष्ट्रिय बहुराष्ट्रिय उद्योगले काठमाडौंका सञ्चार गृहलाई मात्रै विज्ञापन दिने गरेको भन्दै स्थानीय स्तरमा सञ्चालित सञ्चारमाध्यमलाई पनि विज्ञापन उपलब्ध गराउन आग्रह गरिएको हो ।

यहाँका उद्योगहरुले स्थानीय मिडियालाई विज्ञापन दिन चासो नदिएको भन्दै यस्तो प्रवृत्तिको अन्त्य गरी सवैलाई समानुपातिक ढंगबाट विज्ञापन वितरण गरिनुपर्ने माग महासंघले राखेको हो ।

स्थानीय स्तरमा सञ्चालित उद्योगहरुले पहिलो प्राथमिकतामा मकवानपुरका मिडियालाई विज्ञापन उपलब्ध गराउनु पर्ने पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमले बताए । उद्योग संघ मकवानपुरका अध्यक्ष लेखराज पोखरेलले हेटौंडाका सबै उद्योगहरु मिडियामैत्री हुन चाहेको प्रतिक्रिया दिएका छन् । । त्यसका लागि पत्रकारबाट सदैब सकरात्मक समाचारको अपेक्षा उद्योग संघले गरेको उनले बताए । हेटौंडाका औद्योगिक विकास र सञ्चार माध्यमको उत्थानका लागि संघले भूमिका खेल्ने अध्यक्ष पोखेलले धारणा राखे ।

अध्यक्ष पोखरेलले उद्योगले उत्पादन गरेका बस्तुको समाचार प्रकाशन र प्रशारण गरि दिए त्यसले विज्ञापनको भन्दा ठुलो भूमिका खेल्ने दाबी गरेका छन् । यसो गर्दा उद्योगले पनि विज्ञापन दिनुपर्ने उनको भनाईछ ।

संघका वरिष्ठ उपाध्यक्ष स्वागतराज प्याकुरेलले नकारात्मक समाचारको मात्रै चर्चा-परिचर्चा भैर हदाँ त्यसले मझौला उद्योगहरुलाई समेत प्रभाव पारिरहेको बताएका छन् । उनले औद्योगिक क्षेत्रभित्रका सकरात्मक समाचारलाई बढीभन्दा बढी प्राथमिकता दिनुपर्ने बताए ।

महासंघले सोमबार नै समानुपातिक विज्ञापन वितरणको सम्बन्धमा मकवानपुर उद्योग वाणिज्य संघसँग छलफल गरेको थियो । मउवा संघका अध्यक्ष कृष्णकुमार गुप्ताले केही समयदेखि मिडिया र संघबीच मिडियामैत्री वातावरणमा कमी देखिएको बताएका छन् । उनले अनलाइन मिडियाहरु धेरै भएका कारण विज्ञापन वितरणमा समस्या सिर्जना भएको बताए ।

'अनलाइन मिडिया धेरै भएकाले एउटालाई दिने र अर्कोलाई नदिने भन्ने विवाद चर्किंदा विज्ञापनमा खासै जोड्न गर्न नसकिएको हो ।,' अध्यक्ष अग्रवालले भने । एकद्वार प्रणालीबाट विज्ञापन बाँडफाँड गर्दा सहज हुने बताए । संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष उज्वल चौलागाईं र महासचिव दिपक उप्रेतीले स्थानीय मिडियामा समानुपातिक विज्ञापन वितरणका लागि छलफल गरिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# पत्रकारलाई तलब नदिने मिडियामा धर्ना

साझाकुरा संवाददाता

हेटौंडा/नेपाल पत्रकार महासंघले श्रमजीवी पत्रकारहरुको सेवा सुविधा नदिने सञ्चार प्रतिष्ठानमा कालो ब्यानरसहित धर्ना दिने भएको छ । प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हित प्रवर्द्धन विभागका संयोजक तथा वरिष्ठ उपाध्यक्ष रमेश विष्टको अध्यक्षतामा बसेको बैठकले सो निर्णय गरेको हो ।

बैठकले सञ्चार प्रतिष्ठानले विभिन्न बहानामा पारि श्रमिक नदिएका, बेतलबी बिदामा राखिएका र श्रमजीवी पत्रकार ऐनअनुसारको सेवा सुविधा नदिएका श्रमजीवी पत्रकारहरूको समस्या तत्काल समाधान गर्न सम्बन्धित सञ्चार गृहलाई पुन: आग्रह गरिने निर्णय गरेको छ । महासंघले सेवा सुविधा नदिने सञ्चार माध्यमविरुद्ध कठोर संघर्ष उत्रने निर्णय गरेको छ ।

जसअन्तर्गत अन्नपूर्ण पोष्ट, नागरिक दैनिक, दि हिमालय टाइम्स, राजधानी दैनिक, रेडियो सगरमाथा, इमेज च्यानल, न्यूज २४ लगायतका सञ्चारमाध्यममा कालो ब्यानरसहित धर्ना दिने पनि भएको छ । श्रम समस्या समाधान गर्न अटेर गर्ने सञ्चार प्रतिष्ठानमा महासंघले थप दबाबमूलक कार्यक्रम सञ्चालन गर्ने, कालोसूची तयार गरी सार्वजनिक गर्ने र आवश्यक कानुनी लडाईंलाई समेत अवलम्बन गर्ने महासंघले जनाएको छ ।

# कौडा खेलिरहेका आठ जना प्रहरीको फन्दामा

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुर प्रहरीले कौडा खेलिरहेको अवस्थामा आइतबार आठ जनालाई पक्राउ गरेको छ ।

जिल्लाको बकैया गाउँपालिका-९ बैरुङ्दमारस्थित खुल्ला चौरमा कौडा खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ३६ वर्षीय दावा लामा बम्जनसहित ८ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीका अनुसार, उनीहरुलाई उक्त चौरमा कौडा खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय फापरबारी, वडा प्रहरी कार्यालय हेटौंडा र प्रहरी चौकी हात्तिसुँडेबाट खटिएको प्रहरीले आइतबार दिउँसो पक्राउ गरेको हो ।

प्रहरीले उनीहरुको साथबाट नगद ६७ हजार ६ सय ३५ रुपैयाँ र कौडा बरामद गरेको छ । पक्राउ परेका उनीहरु माथि आवश्यक अनुसन्धानका साथै कानूनी कारवाहीको प्रकृया अगाडि बढाइएको जनाइएको प्रहरीले जनाएको छ ।



## कर्जा चुक्ता गर्ने १५ दिने सार्वजनिक सूचना

यस सहकारी संस्थाका तपशिलमा उल्लेखित शेयर सदस्य ऋणिहरुले यस संस्थाबाट लिनु भएको ऋण कर्जाको सर्त मुताविक संस्थालाई तिर्नुपर्ने बाँकी सावा तथा ब्याज तिर्ने सम्बन्धमा पटक-पटक मौखिक, टेलिफोन, मोबाइल तथा पत्रहरुद्वारा अनुरोध गर्दा पनि आजसम्म उक्त रकम तिर्ने सम्बन्धमा कुनै चासो नदेखाइ बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस सस्थालाई नियमानुसार तिर्नपर्ने सम्पूर्ण र कम नतिरेमा धितो जमानत दिने ब्यक्ति समेतको ३ पुस्ते नामावलीसमेत स्थानीय र राष्ट्रिय पत्रिकामा प्रकाशन गरिने ब्यहोर ासमेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल**

| नाम | ठेगाना |
|---|---|
| भिमसेन घलान | हेटौडा १३,टुटेपानि |
| सुक्रम खड्की | हेटौडा ३ |
| सुर्य कुमारी मगर | हेटौडा ८,कमाने |
| रोमन आचार्य(बिन्दावासिनि सप्लायर्स) | हेटौडा ६,निउरेनि |
| दल बहादुर बैज्यु<br>बद्रि बहादुर धागामगर | मकवानपुर गढि ४<br>कोगटे,भिमफेदी |
| सानु वावु बज्रचार्य | हेटौडा २,संगमचोक |
| गोकर्ण थापा मगर | हेटौडा ३,बसामाडि |
| शुक्र राजथला | हेटौडा २,बनस्खडि |
| ओम प्रकाश केशरी | स्थायि बारा बंधवन ७, हाल हेटौडा ४ सिमाचोक |
| नमबहादुर बराल | हेटौडा ५ |
| शिवचन्द्र प्रसाद कलवार | हेटौडा ४,स्थायि बारा महेशपुर ८ |
| प्रकाश रैइया | हेटौडा ९ |
| रोसन नेगि | हाल हेटौडा २,स्थायि नामटार ६ |
| सत्यभमा मास्के<br>सुनिल राउत | हेटौडा २<br>हेटौडा १०,स्थायि निजगढ ६ ,बारा |
| ज्ञानिमाया रुम्बा | हेटौडा २, स्थायि नामटार ६ |
| शुसिला विश्वकर्मा | हेटौडा ४,स्थायि हटिया ९ |
| अमन भण्डारी | स्थायि हरीवन ९,हाल हेटौडा ४ |
| किरण मुखिया | हेटौडा ४ |
| मच्छेन्द्र लाल नकर्मी | हेटौडा ४ |
| जुनु विश्वकर्मा | हेटौडा १९,बस्तिपुर |

**दिब्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौडा-२, मकवानपुर,
फोन नम्बर : ५२४०१६
इमेल : *divyatara2000@gmail.com*


# हेटौंडामा फोरजी नेटवर्क चल्ने बारफोन

साझाकुरा संवाददाता

हेटौंडा/फोरजी नेटवर्क चल्ने बारफोन (किप्याड) मोबाइल फोन हेटौंडामा आएको छ । यस बारे मोबाइल व्यवसायीको उपस्थितिमा मोवाइल बारे जानकारी दिइएको छ ।

एनेर्गिजेरले नेपालको लागि आधिकारिक बिक्रेता एरियल नेपालले एनाजाइजर नामक मोवाइल (बारफोन) तथा अर्वान कम्पनीका स्मार्ट घडीहरु र फक्सिन ब्राण्डका डाटाकेबल, एयरफोन, पावर बैंक, हेडसेट, जस्ता एसोसिरिज उत्पादन गरी बजारमा ल्याएको कम्पनीका एरियल नेपालका नेशनल सेल्स म्यानेजर कृष्ण अग्रवालले जानकारी दिएका छन् । उनले बारफोन सेटमा फोरजी नेटवर्कसहित युट्युब, गुगल, फेसबुक र वाट्सअफ समेत प्रयोग गर्न मिल्ने सुविधा रहेको बताए ।

हेटौंडाका लागि मोबाइल सेटको लागि शुभलक्ष्मी मोवाइल आधिकारिक बिक्रेता भएको छ । यसैगरी एसोसेरिजको न्यु हेटौंडा मोबाइल सेन्टर रहेको जनाएको छ ।

डिलर एसोसिएसन मकवानपुरका संयोजक रोहिनी प्रसाद गौतमको अध्यक्षता तथा मकवानपुर मोबाइल एसोसिएसन अफ नेपालका अध्यक्ष दिनेश लामाको प्रमुख अतिथ्यतामा मोबाइल फोन र एसोसिरिज बारे जानकारी दिइएको हो । कार्यक्रममा कम्पनीका अप्रेसन म्यानेजर प्रनव तोदीले उत्पादित वस्तुका सेवा सुविधा, महत्व र विशेषताबारे जानकारी गराए ।

उनले तीन वटा मोवाइल सेट बजारमा ल्याएको जसमध्ये इ २४ स्मार्ट फिचर भएको फोन सेट जसमा फोरजी नेटवर्क, गुगल चल्ने, डबल क्यामरा, युट्युव, फेसबुक र वाट्सअफ समेत प्रयोग गर्न सकिने बताए ।

एक सय २५ वर्ष पुरानो ब्राण्डमा रहेको एनाजाइजर मोवाइल एक वर्षभित्र विग्रेमा कम्पनीले फिर्ता लिएर नयाँ सेट ग्राहकलाई दिने समेत जनाएको छ । उनले अर्वन ब्राण्डका विभिन्न स्मार्ट घडीलगायत अन्य उत्पादन बारे जानकारी दिएका थिए ।




**खुल्यो !! खुल्यो**
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
**लोकल कुखुराको लगायत मासुको आइटमको मिठो स्वाद**
**अब होटल म्याक्समा**
**सम्पर्क : होटल म्याक्स**
हेटौंडा-३, बसामाडी,
मो.नं. ९८४५०२५७२७

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Receiptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.




**RAJ MOTORS**
057-526460,
9855068060,
9845025934


**पत्रकार आचारसंहिताको पालना गरौं ।**

सञ्चारमाध्यमले

- बालबालिकाको मनोविज्ञानमा नकारात्मक असर पार्नेगरी,
- अपांगता भएका व्यक्तिलाई होच्याउने, आत्मसम्मानमा चोट पुऱ्याउने गरी,
- हिंसा, आतंक, अश्लिलता, अपराधलाई प्रश्रय हुनेगरी,
- पीडितलाई थप पीडादिने, अशक्त असहाय, अल्पसंख्यक महिला तथा जेष्ठ नागरिकको मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर पर्नेगरी,

कुनैपनि सामाग्रीहरु संप्रेषण नगरौं, पत्रकार आचारसंहिताको सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४




***www.sajhakuranews.com* सर्च गर्न नभुल्नुहोला ।**
*"तपाई, हामी सबैको कुरा"*
हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना